# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश,नेपाल

विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय विदुर, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

प.सं:
च.नं.

☎ ०१०-५६००५३
☎ ०१०-५६०४६९..


## स्वयंसेवक शिक्षक आवश्यकता सम्बन्धी सूचना ।
## विज्ञापन प्रकाशित मिति :२०८०।११।१६ गते ।

प्रस्तुत विषयमा विदुर नगरपालिका अन्तर्गत सञ्चालित तपसिलका विद्यालयहरुमा तपसिलका विषयका शिक्षण सहायक (स्वयंसेवक शिक्षक) को पदपूर्ति गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

१. विज्ञापन नं. ०२।२०८०।०८१ (शिक्षा)

२. दरखास्त दिने अन्तिम मिति : २०८०।११।२२ गते कार्यालय समय भित्र ।

३. दरखास्त बुझाउने स्थान : शिक्षा, युवा तथा खेलकुद शाखा विदुर नगरपालिका नुवाकोट ।

४. शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातक तह उतीर्ण गरेको ।

५. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता (स्वयंसेवक शिक्षण सहायक व्यवस्थापन कार्यविधि र मापदण्ड, २०७६ बमोजिम) ।

६. उम्मेद्धवारको लागि अयोग्यता : देहायका व्यक्तिहरु स्वयंसेवक शिक्षक पदमा उम्मेद्धवार हुनको लागि योग्य हुन सक्ने छैनन् :-

क) गैर नेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर पुरा भएको,

ग) मगज बिग्रेको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको ।

७. परीक्षा दस्तुर : वि.न.पा. राजश्व शाखामा रु १,०००। (एक हजार) दाखिला गरेको रसिद ।

८. आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकता र अन्य तालिम लगाएतका कागजातको प्रमाणित प्रतिलिपि ।

९. शिक्षा शाखाबाट उपलब्ध गराइने आवेदन फारम भरेर पेश गर्नुपर्ने छ ।

१०. सेवा सुविधा : मासिक २७,०००। (सत्ताइस हजार) । अवधि : २०८१ असार मसान्तसम्म । ( वि.न.पा. ले आवश्यक ठानेमा पछि म्याद थप गर्न सक्नेछ ।

११. म्याद नाघि आएको र रीत नपुगेको दरखास्त स्वीकृत गरिने छैन ।

१२. सफल उम्मेद्धवारहरुलाई वि.न.पा.ले विषय मिल्ने जुनसुकै विद्यालयमा खटाउन सक्नेछ ।

१३. परीक्षा मिति : पछि प्रकाशन गरिनेछ ।

११।१६

देवीप्रसाद ... अधिकारी
शिक्षा शाखा प्रमुख
(... ...)

# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश,नेपाल

प.सं:
च.नं.

☎ ०१०-५६००५३
☎ ०१०-५६०४६९..


१४. रिक्त स्वयंसेवक शिक्षक पद तपसिल बमोजिम रहेका छन् :

| क.सं | विद्यालयको नाम | विषय | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रणभुवनेश्वरी मा.वि., विदुर ३ | सामाजिक अध्ययन | १ (एक) | |
| २ | श्री चन्द्र ज्योती मा.वि., विदुर ५ | लेखा | १ (एक) | |
| ३ | श्री बच्छलादेवी मा.वि., विदुर ७ | सामाजिक अध्ययन | १ (एक) | |
| ४ | श्री सुलक्षणा मा.वि., विदुर ९ | अङ्ग्रेजी | १ (एक) | |

२०८०।११।१६

सदस्य सचिव
स्वयंसेवक शिक्षण सहायक छनौट समिति
विदुर नगरपालिका, नुवाकोट